Australian Government
Department of Education and Training

# वयस्क आप्रवासी अंग्रेजी कार्यक्रम (Adult Migrant English Program) मार्फत अंग्रेजी सिक्नुहोस्

## Adult Migrant English Program

अंग्रेजी अष्ट्रेलियाको राष्ट्रिय भाषा हो। अष्ट्रेलियाका मानिसहरु धेरै भाषाहरु बोल्छन्, तर अंग्रेजी बोल्ने तथा बुझ्नाले यसले अष्ट्रेलियन जीवनमा पूर्णरुपमा सहभागी हुन तपाईंलाई सहयोग पुऱ्याउँछ। अंग्रेजी बिना, तपाईंलाई अष्ट्रेलियन नागरिकता प्राप्त गर्न, महत्वपूर्ण सेवाहरु लिन तथा स्वतन्त्र हुन तपाईंलाई गाह्रो पर्छ।

आफूलाई अंग्रेजी सिक्नमा मद्दत गर्न, तपाईंले Adult Migrant English Program (AMEP) मा भाग लिन सक्नुहुन्छ।

## AMEP के हो?

AMEP अष्ट्रेलियन सरकार (Australian Government) को आर्थिक सहायतामा चल्छ र यसले योग्य आप्रवासी तथा मानवीय प्रवेशकर्तालाई 510 घण्टासम्म निःशुल्क अंग्रेजी भाषाको पाठ उपलब्ध गराउँछ। यदि तपाईंलाई स्थायी भिषा वा योग्य अस्थायी भिषा प्रदान गरिएको छ र तपाईं अलिअलि वा केही पनि अंग्रेजीको बोल्नु हुन्न भने, तपाईं AMEP का लागि योग्य हुनुहुन्छ। 15 देखि 17 वर्ष उमेरबीचका केही आप्रवासी युवाहरू पनि यसका लागि योग्य हुन सक्छन्।

AMEP कक्षामा तपाईंले अंग्रेजी भाषाको सीप र अष्ट्रेलियन समाजबारे जानकारी लिनुहुनेछ। तपाईंले अन्य आगमन गर्ने नयाँ मानिसहरु भेट्नुहुनेछ तथा नयाँ साथीहरु बनाउन सक्नुहुनेछ। यी सबैले तपाईं तथा तपाईंको परिवारलाई अष्ट्रेलियामा सफलतापूर्वक बसोबास गर्न सहयोग गर्नेछन्। यदि तपाईं अष्ट्रेलियामा काम गर्ने इच्छा गर्नुहुन्छ भने अंग्रेजी भाषा बोल्ने सीप एकदम महत्वपूर्ण हुन्छ।

AMEP लाई स्वीकृति प्राप्त सेवा प्रदायकद्वारा सञ्चालन गरिन्छ र अन्य भाषाभाषीहरुलाई अंग्रेजी सिकाउन प्रशिक्षित शिक्षकहरुद्वारा पढाईन्छ।

# म कसरी भर्ना हुने ?

AMEP मार्फत अंग्रेजी भाषाको कक्षामा पढ्न अष्ट्रेलिया आएको वा तपाईंको भिषा शुरु भएको 6 महिनाभित्र तपाईं स्वीकृति प्राप्त AMEP सेवा प्रदायकमा दर्ता हुनुपर्छ। तपाईं अष्ट्रेलिया आएको वा तपाईंको भिषा शुरु भएको 12 महिनाभित्र अंग्रेजी कक्षा शुरु गर्नुपर्छ।

AMEP मार्फत अंग्रेजी सिक्नका लागि तपाईंसँग तपाईं अष्ट्रेलिया आएको मिति वा भिषा शुरु भएको मितिबाट 5 वर्षको समय हुन्छ। तपाईंको आवश्यकताको आधारमा थप पाठहरुका लागि तपाईं योग्य ठहरिन सक्नुहुन्छ।

तपाईंको सम्भावित उत्तम परिणामलाई सुनिश्चित गर्न तपाईंको सेवा प्रदायकले तपाईंको आवश्यकतालाई सुहाउने कक्षा रोज्न सघाउ गर्नेछ। त्यहाँ पूर्णकालीन तथा आंशिक कक्षाहरु विभिन्न समय तथा विभिन्न स्थानहरुमा सञ्चालन हुन्छन् । ती कहिले र कहा आयोजना हुन्छन् भनी थाहा पाएपछि आफूलाई उपयुक्त हुने स्थान र समयमा तपाईंले पढ्न सक्नु हुन्छ।

# कक्षा संकायहरु

तपाईंका आवश्यकताहरुलाई राम्ररी पूरा गर्नका लागि, तपाईंको AMEP सेवा प्रदायकले तपाईंलाई कक्षाका दुई संकायबाट एउटा रोज्न सहयोग गर्नेछ:

- पूर्व-रोजगारी अंग्रेजी संकाय – कार्यस्थलमा सहभागी हुन, वा थप प्रशिक्षण लिएर दिगो रोजगारीलाई टेवा पुग्ने गरी उपयोगी अंग्रेजी सिक्न चाहनेहरुका लागि।
- सामाजिक अंग्रेजी संकाय – सामाजिकरुपमा सहभागी हुन र आफ्ना स्थानीय समुदायमा स्वतन्त्रतापूर्वक जीउनका लागि आत्मविश्वास प्राप्त गर्न सहयोग गर्नका लागि बोलचालीको अंग्रेजीमा आफ्नो सीप सुधार गर्न चाहनेहरुका लागि।

तपाईंले आफ्नो कानुनीरुपमा अधिकार प्राप्त 510 घण्टा कुनै एक संकाय वा दुवैको सम्मिश्रणमा प्रयोग गर्न सक्नुहुन्छ।

पारस्परिक जिम्मेवारी आवश्यकतासहित आम्दानी सहायता भुक्तानी प्राप्त गर्ने ग्राहकहरू सामाजिक अंग्रेजी संकायका लागि योग्य हुने छैनन्।

# यदि मैले कक्षामा जान सकिन भने के हुन्छ ?

यदि तपाईं कक्षामा जान सक्नुहुन्न भने, आफ्नो AMEP सेवा प्रदायकसँग कुरा गर्नुहोस्। AMEP शिक्षकको सहायता भएको दूर शिक्षण (distance learning) को माध्यमबाट उक्त सेवा प्रदायकले तपाईंलाई घरायसी शिक्षक वा अनलाइनमार्फत अंग्रेजी सिक्न सहयोग गर्न सक्छ।

तपाईंले AMEP को www.amepdl.net.au मा रहेको आफ्नै गतिको इ-लर्निङ् मोड्युल (self-paced e-learning modules) प्रयोग गरेर आफ्नै गतिमा पनि सिक्न सक्नुहुन्छ। ती निःशुल्क पाठहरु मानिसहरुलाई अंग्रेजी सिक्न सहयोग गर्न सबैका लागि उपलब्ध छन् (AMEP ग्राहकहरुका लागि मात्र होइन)।

## AMEP उप-कार्यक्रमहरु

यदि तपाईंसँग विशेष आवश्यकताहरु छन् भने तपाईं अतिरिक्त कक्षाका लागि योग्य हुन सक्नुहुन्छ।

## विशेष तयारी कार्यक्रम (Special Preparatory Program)

यो Special Preparatory Program (SPP) ले पूर्व-अध्यागमनको कठिन अनुभव भएका तथा सीमित विद्यालय पढाई गरेका योग्य मानवीय आगन्तुकहरूलाई अतिरिक्त घण्टा तथा सहायता प्रदान गर्दछ।

## रोजगारी तथा तालिमका लागि पुनर्वास भाषा मार्ग (Settlement Language Pathways to Employment and Training)

यो रोजगारी तथा तालिमका लागि पुनर्वास भाषा मार्ग (Settlement Language Pathways to Employment and Training (SLPET)) कार्यक्रमले योग्य विद्यार्थीहरुलाई रोजगारीमा केन्द्रित पाठ्यक्रम प्रदान गर्छ जसले विशेष व्यवसायिक अंग्रेजी सिक्ने क्रममा उनीहरुलाई अष्ट्रेलियन कार्यस्थल संस्कृति तथा चलनहरूको परिचित हुन सहयोग गर्छ।,

SLPET ले विभिन्न उद्योगहरुमा 80 घण्टासम्मको कामको अनुभव सहित अतिरिक्त 200 घण्टासम्मको व्यावसायिक-विशेष अंग्रेजी भाषाको कक्षा उपलब्ध गराउँछ।

## AMEP विस्तार (AMEP Extend)

AMEP Extend कार्यक्रमले अंग्रेजी भाषाको दक्षताको लक्ष्य हासिल नगरी 510 घण्टाको सुविधा पूरा गर्ने योग्य विद्यार्थीहरुलाई 490 घण्टासम्मको अतिरिक्त कक्षा प्रदान गर्दछ।

## AMEP बाल हेरचाह

तपाईंको AMEP सेवा प्रदायकले तपाईं कक्षामा पढिरहँदा तपाईंको बालबालिकाहरूका लागि निःशुल्क बाल हेरचाहको व्यवस्था गर्न सक्छ। विद्यालय उमेर मुनिका बालबालिकाहरूलाई मात्र निःशुल्क बाल हेरचाह प्रदान गरिन्छ।

## AMEP मार्ग निर्देशन (AMEP pathway guidance)

AMEP सेवा प्रदायकले तपाईंको लक्ष निर्धारण गर्न, तपाईंको विकल्प बुझ्न तथा तपाईंको कक्षाको सम्बन्धमा निर्णय लिनका लागि, उच्च शिक्षा तथा रोजगारका अवसरहरुका लागि सहायता गर्नका लागि मार्ग निर्देशन प्रदान गर्छ।

**थप जानकारीका लागि**

| AMEP | सम्पर्क विवरण |
|---|---|
| टेलिफोन | 13 38 73 |
| AMEP वेबसाइट | www.education.gov.au/amep |
| इमेल | skilling@education.gov.au |
| अंग्रेजीबाहेकका अन्य भाषामा जानकारी | www.education.gov.au/amep-information-other-languages |
| **म कहाँ अंग्रेजी सिक्न सक्छु?**<br>AMEP प्रदायक तथा सिकाइ केन्द्रहरु | www.education.gov.au/adult-migrant-english-program-service-providers |
| AMEP अनलाइन | www.amepdl.net.au |